# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति- २०७७/०९/१४

**बुद्धभूमि नगरपालिका, कृषि विकास शाखाबाट आ.व.२०७७/०७८ संचालन हुने कार्यक्रममा आवेदन पेश गर्ने सम्वन्धि सूचना ।**

प्रस्तुत बिषयमा बुद्धभूमि नगरपालिका, कृषि विकास शाखाबाट आ.व.२०७७/०७८ मा संचालन हुने तपशिल अनुसारका कृषि कार्यक्रमहरुमा सहभागि हुन चाहने कृषकहरुले सूचनामा माग भएका कागजातहरु सहित **सूचना प्रकाशित मितिले १५ दिन** भित्र निर्धारित ढाँचाको आवेदन भरी कार्यालय समय भित्र आवेदन पेश गर्न अनुरोध छ ।

तपशिल

| शि. नं. | कार्यक्रमको नाम | बाली | क्षेत्रफल | उपभोक्ताको लगानी |
|---|---|---|---|---|
| १ | बिदेशबाट फर्किएका तथा अति विपन्न परिवारका व्यवसाय उन्मुख कृषकहरुलाई प्रोत्साहन अनुदान कार्यक्रम | तरकारी<br>मौरी<br>च्याउ<br><br>केरा/फलफूल | कम्तिमा ३ कठ्ठा तरकारी खेति गरेको<br>कम्तिमा ५ घार मौरीपालन गरेको<br>कम्तिमा १ टनेल (२०० डल्ला) मा च्याउ खेति गरेको ।<br>कम्तिमा ३ कठ्ठामा केरा/फलफूल खेति गरेको | २० प्रतिशत |
| २ | विपन्न परिवारका सदस्यका लागि मागमा आधारित कृषि प्रोत्साहन कार्यक्रम | तरकारी<br>च्याउ | ३ कठ्ठा गर्नु पर्ने<br>१ टनेलमा (२०० डल्ला च्याउ) खेति गर्नु पर्ने | १५ प्रतिशत |
| ३ | ७५ प्रतिशत अनुदानमा मल्चिङ्ग प्लाष्टिक वितरण कार्यक्रम | तरकारी | कम्तिमा ३ कठ्ठा तरकारी खेति खेति गरेको हुनु पर्ने । | २५ प्रतिशत |

आवश्यक कागजातहरु

शि.नं-१ कार्यक्रमको लागि

- कार्यालयबाट उपलव्ध ढाँचामा आवेदन ।
- नागरिकताको प्रतिलिपि ।
- अपाङ्ग/एकल महिला भए परिचय-पत्रको प्रतिलिपि ।
- जग्गाधनि प्रमाण पत्र/लिजमा लिएको भए सम्झौता पत्र को प्रतिलिपि ।
- बिदेशबाट फर्किएको हकमा कोभिडको अवधिमा फर्किएको पासपोर्ट/भिसा/टिकट ।
- सोहि परिवारको कुनै सदस्य बैदेशिक रोजगारीमा नरहेको जानकारी तथा कार्यक्रम उपलव्ध गराईदिने व्यहोराको वडा कार्यालयको सिफारिस पत्र ।

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


- अति बिपन्न परिवारको हकमा- वडा कार्यालयबाट अति विपन्न परिवार भएको, ५ कठ्ठा भन्दा कम जमिन भएको, कच्चि घर भएको, परिवारमा कुनै स्थायी प्रकारको रोजगारी नभएको, परिवारको कुनै सदस्य बैदेशिक रोजगारीमा नभएको, आफनो उत्पादनले ६ महिना भन्दा कम खान पुग्ने व्यहोरा सहितको वडा कार्यालयको सिफारिस पत्र ।
- अपाङ्ग,एकल महिला घरमूली रहेको लाई प्राथमिकता दिइने छ ।
- अरवियन मुलुक (साउदी अरव, कतार, कुवेत,बहाराईन साथै मलेसिया )बाट कोभिडको अवधिमा आएका तथा अति विपन्न परिवारका व्यवसाय उन्मुख कृषकलाई प्राथमिकता दिईने छ ।
- विगत ३ बर्ष एकाघरका सदस्यले कृषि सम्वन्धि अनुदान नपाएको हुनु पर्ने ।

<u>शिर्षक नं.२ कार्यक्रमको लागि</u>

- कार्यालयबाट उपलव्ध ढाँचामा आवेदन।
- नागरिकताको प्रतिलिपि ।
- जग्गाधनि प्रमाण पत्र/लिजमा लिएको भए सम्झौता पत्र को प्रतिलिपि ।
- वडा कार्यालयबाट विपन्न परिवार भएको, ५ कठ्ठा भन्दा कम जमिन भएको, कच्चि घर भएको, परिवारमा कुनै स्थायी प्रकारको रोजगारी नभएको, परिवारको कुनै सदस्य बैदेशिक रोजगारीमा नभएको, आफनो उत्पादनले ६ महिना भन्दा कम अवधिको लागि खान पुग्ने भन्ने व्यहोरा प्रमाणित सहितको वडा कार्यालयको सिफारिस पत्र ।
- विगत ३ बर्ष सम्म एकाघरका सदस्यले कृषि अनुदान नपाएको हुनु पर्ने ।

<u>शिर्षक नं-३ कार्यक्रमको लागि</u>

- कार्यालयबाट उपलव्ध ढाँचामा आवेदन ।
- नागरिकताको प्रतिलिपि ।
- समूह/सहकारी/फर्म भएमा दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा संस्थागत निर्णय/करचुक्ताको प्रतिवेदनको प्रतिलिपि ।
- जग्गाधनि प्रमाण पत्र/लिजमा लिएको भए सम्झौता पत्र को प्रतिलिपि ।
- वडा कार्यालयको सिफारिस पत्र ।
- मच्चीङ्ग खेति सम्वन्धि ज्ञान भएको ।
- सामुहिक खेतिलाई प्राथमिकता दिइने छ ।

<u>नोट</u>-एक परिवारबाट एक सदस्यलाई एक कार्यक्रम भन्दा बढी कार्यक्रम उपलव्ध गराइने छैन ।

विस्तृत जानकारीका लागि बुद्धभूमि नगरपालिका कृषि विकास शाखा, हनुमानचोक बुढ्ढी कपिलवस्तुमा सम्पर्क राख्नुहोला ।(सम्पर्क नम्वर-९८६७४०००६२/९८५७६२९३७९)

.............................

अनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत

अनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक बुड्ढी, कपिलवस्तु
लुम्विनी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति- २०७७/०९/१४

**बुद्धभूमि नगरपालिका, कृषि विकास शाखाबाट आ.व.२०७७/०७८ संचालन हुने कार्यक्रममा आवेदन पेश गर्ने सम्वन्धि सूचना ।**

प्रस्तुत बिषयमा बुद्धभूमि नगरपालिका, कृषि विकास शाखाबाट आ.व.२०७७/०७८ मा संचालन हुने तपशिल अनुसारका कृषि कार्यक्रमहरुमा सहभागि हुन चाहने **कृषक समुह, कृषि सहकारी, कृषि फार्महरुले** सूचनामा माग भएका कागजातहरु सहित सूचना प्रकाशित मितिले १५ दिन भित्र निर्धारित ढाँचाको आवेदन भरी कार्यालय समय भित्र आवेदन पेश गर्न अनुरोध छ ।

तपशिल

| शि.नं. | कार्यक्रमको नाम | वितरण हुने कृषि समाग्री (उपकरण) |
|---|---|---|
| १ | साना सिंचाई कार्यक्रम(७० प्रतिशत अनुदानमा पम्पसेट तथा मोटर वितरण) | पम्पसेट-५ हर्सपावर<br>मोटर-५ हर्सपावर |
| २ | साना कृषि यन्त्र ५० प्रतिशत अनुदानमा वितरण | मिनी टिलर, इलेक्ट्रिक कर्न सेलर, मेनुवल रिपर र पावरटिलर रिपर |

आवश्यक कागजातहरु

- कार्यालयबाट उपलव्ध ढाँचामा आवेदन ।
- दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
- समुह/सहकारीको हकमा कार्यक्रम माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपि ।
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- सहकारीको हकमा अघिल्लो आ.व.को.अडिट रिपोर्ट ।
- वडा कार्यालयको सिफारिस पत्र ।
- सिंचाई कार्यक्रमको लागी कार्यक्रम पाए पश्चात समुह/सहकारीको हकमा कम्तिमा ५ विगाह र कृषि फार्मको हकमा १ विगाह क्षेत्रफलमा सिंचित हुने जमिनको क्षेत्रफल हुनु पर्ने छ ।
- सिंचाई कार्यक्रमको लागि समुह/सहकारी भए कम्तिमा १० परिवार लभान्वित हुनु पर्ने छ ।
- १ बर्ष अवधि पुरा भएकोलाई प्राथमिकता दिइने छ ।
- सामूहिक खेति गर्नेलाई प्राथमिकता दिइने छ ।
- विगत ३ बर्ष सोहि प्रकृतिको कृषि सम्वन्धि अनुदान नपाएको हुनु पर्ने ।

नोट-एक समुह/कृषि सहकारी/कृषि फर्मलाई एक कार्यक्रम भन्दा बढी कार्यक्रम उपलव्ध गराइने छैन ।

विस्तृत जानकारीका लागि बुद्धभूमि नगरपालिका कृषि विकास शाखा, हनुमानचोक बुड्ढी कपिलवस्तुमा सम्पर्क राख्नुहोला ।(सम्पर्क नम्वर-९८६७४०००६२/९८५७६२९३७९)

..............................
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति-२०७७/०९/१४ गते

**कोभिड बिषेश कृषि कार्यक्रमको प्रस्ताव आव्हान सम्वन्धी सूचना ।**

प्रस्तुत विषयमा चालु आ.व.२०७७/०७८ मा यसबुद्धभूमि नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकारबाट शसर्त अनुदान तर्फ प्राप्त **कोभिड विशेष कृषि कार्यक्रम** अन्तरगत तपशिल अनुसारका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक **कृषक/कृषक समुह, कृषि सहकारी, कृषि फार्महरुले** सूचनामा माग भएका कागजातहरु सहित सूचना प्रकाशित मितिले १५ दिन भित्र निर्धारित ढाँचाको आवेदन भरी कार्यालय समय भित्र आवेदन पेश गर्न अनुरोध छ ।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | क्षेत्रफल | आवश्यक कागजात | अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान | बुद्धभूमि नगरपालिकाका सबै वडाहरु | बालीवस्तुमा-५ कठ्ठा | कार्यालयले उपलव्ध गराएको आवेदन फारम तथा नागरिकताको प्रतिलिपि । | रु २०,०००।-वा बिल रकमको ५० प्रतिशत रकम जुन कम हुन्छ । |
| | | | मौरीपालनमा कम्तिमा ५ घार गोला | कोभिडको अवधिमा विदेश (भारत समेत)बाट फर्किएको प्रमाणको प्रतिलिपि **भारतबाट आएको हकमा** सम्वन्धीत वडा कार्यालयले छानविन गरि कोभिडको अवधिमा आएको सिफारिस हुनु पर्ने । | |
| | | | | खेति गर्ने जग्गाको जग्गाधनि प्रमाण पत्रको प्रतिलिपि वा भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि । | |
| | | | च्याउ खेति १ टनेल १०० वल | परिवारको कुनै सदस्य बैदेशिक रोजगारमा नभएको, नेपालभित्र सरकारी वा निजि क्षेत्रमा रोजगारीमा नभएको, स्वरोजगारबाट मासिक रु १००००।- भन्दा बढि आम्दानि नभएको र एकै परिवारबाट १ जना भन्दा बढी नहुने गरि वडा कार्यालयको सिफारिस पत्र । | |
| | | | कुखुरा कम्तिमा-५० चल्ला | | |
| | | | बंगुर र बाखापालनमा कम्तिमा-५ पाठापाठी | | |

अनिल पौडेल

# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २ | एक स्थानिय तह एक उत्पादन | कलष्टर-१ अन्तरगत वडा नम्वर १ र ३ | तरकारी बालीमा कृषक समुह/ सहकारी मार्फत कम्तिमा २० कठ्ठा खेति गर्नु पर्ने | कार्यालयले उपलव्ध गराएको आवेदन फारम | १- रु २०,०००।-वा बिल रकमको ५० प्रतिशत रकम जुन कम हुन्छ । |
| | | कलष्टर-२अन्तरगत वडा नम्वर ४,५ र ६ | व्यक्तिगतको हकमा कम्तिमा ३ कठ्ठामा तरकारी खेति गर्नु पर्ने । | व्यक्तिगत वा उधमीको हकमा नागरिकताको प्रतिलिपि | |
| | | | | सम्वन्धीत वडाकार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम उपलव्ध गराउन उपयुक्त हुने व्यहोराको सिफारिस | २-सामुहिक प्रयोजनमा हुने संकलन केन्द्र तथा यन्त्र उपकरणमा खरिद वा पुर्वाधार निर्माणमा रु १०,००,०००।-वा ५० प्रतिशत रकम जुन कम हुन्छ । |
| | | | | समुह वा सहकारीको हकमा कार्यसमितिको निर्णय/दर्ता प्रमाण पत्र/सहकारी भए अडिट तथा करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि | |

नोट-विगत ३ बर्षमा सोहि प्रकृतिको अनुदान पाएको भए अनुदान उपलव्ध गराइने छैन ।

विस्तृत जानकारीका लागि- बुद्धभूमि नगरपालिका कृषि विकास शाखा, हनुमानचोक बुद्धी कपिलवस्तुमा सम्पर्क राख्नुहोला ।(सम्पर्क नम्वर-९८६७४०००६२/९८५७६२९३७९)

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत